# अन्नपूर्ण गाउँपालिकाको जेष्ठनागरिक परिचय पत्र वितरण निर्देशिका २०७५

**१. परिचय** :

जेष्ठ नागरिकहरुलाइ संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान,सिप,क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा,आदर तथा सदभाव अभिबृद्धि गर्न साथै राज्यद्धारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची ८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न जेष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७५ जारी गरिएको छ ।

**२. परिचय पत्र वितरणका आधार** :

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम जेष्ठ नागरिकको हक,जेष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को नियम १५ अनुसार जेष्ठ नागरिकहरुलाइ परिचय पत्र दिने व्यवस्था लगायत जेष्ठ नागरिक परिचय पत्र वितरणका आधार हुनेछन ।

**३. उद्धेश्य**:

क) जेष्ठ नागरिकको पहिचान गर्ने र स्थानीय तहदेखि नै जेष्ठ नागरिकको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त जेष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र जेष्ठ नागरिकको बर्गिकरण अनुसार सार्वजनिक सवारि साधन,सार्वजनिक कार्य,स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकलाइ आवश्यक सेवा सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने

ग) प्रचलित ऐन नियम अनुसार जेष्ठ नागरिक हरुलाइ सामाजिक सुरक्षा,न्याय अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रकृयामा सहभागि गराउने ।

**४. लक्षित बर्ग** :

जेष्ठ नागरिक सम्बन्धि ऐन २०६३ ले परिभाषित गरे अनुसारका ६० बर्ष उमेर पुरा गरेका सवै नेपाली नागरिक हरु

**५.जेष्ठ नागरिकको बर्गिकरण** :

जेष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को नियम १४ को उपनियम (१ )बमोजिम जेष्ठ नागरिकको बर्गिकरण देहाय बमोजिम गरिएको छ ।

क) ७० बर्ष उमेर पुरा नगरेको जेष्ठ नागरिक

ख) ७० बर्ष उमेर पुरा गरेको बरिष्ठ जेष्ठ नागरिक

ग) असहाय जेष्ठ नागरिक

घ) अशक्त जेष्ठ नागरिक

ङ) एकल जेष्ठ नागरिक

**६. परिचय पत्र वितरणका मापदण्ड** :

जेष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को नियम १५ बमोजिम ६० बर्ष उमेर पुगेको नेपाली नागरिकलाइ मात्र जेष्ठ नागरिक परिचय पत्र प्रदान गर्न सकिन्छ ।

**७. जेष्ठ नागरिक परिचय पत्रको ढाँचा** :

जेष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को अनुसूची ३बमोजिमको ढाँचालाइ नै आधार मानी जेष्ठ नागरिक परिचय पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुने छ । जेष्ठ नागरिक परिचय पत्रको आकार (Size) नेपाली नागरिकताको प्रमाण पत्रको आकार बराबरको हुनेछ ।

**८. परिचय पत्र वितरण प्रकृया** :

क) जेष्ठ नागरिक परिचय पत्र प्राप्त गर्न ६० बर्ष उमेर पुगेको जेष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित स्थानिय तहका प्रमुख समक्ष निवेदन दिनु पर्ने छ ।

ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र २ प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण पत्र लाइ आधार मानिने छ ।

ग) जेष्ठ नागरिक परिचय पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको कार्यकारी प्रमुख वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचय पत्र प्राप्त जेष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको सफ्टवयरमा कम्प्युटराइज गरी गा.पा.को कार्यालयमा राखि बार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) जेष्ठ नागरिक परिचय पत्रको प्रतिलिपी लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा वडाको सिफारिस सहित सम्बन्धित स्थानिय तहमा निवेदन पेश गर्नुपर्नेछ ।

**९. विविध** :

क) जेष्ठ नागरिक परिचय पत्र वितरणका लागि सम्बन्धित स्थानिय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

ख) जेष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था वाहेक प्रचलित कानुनको अधिनमा रहि कार्यकारी प्रमुखले निर्णय गरे बमोजिम हुनेछ ।

अनुसूची १

जेष्ठ नागरिक परिचय पत्रको ढाँचा

जेष्ठ नागरिक परिचय पत्र

फोटो

प.प.नं.

नाम थर ....................................

ना.प्र.प.नं....................................

ठेगाना: जिल्ला .................. गा.पा...........................

वडा नं.............................टोल/गाउँ ................................

उमेर .................लिङ्ग ..........................

उपलब्ध छुट तथा सुविधाहरु ......................................

पति/पत्नीको नाम......................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण

..............................................

संरक्षकको नाम थर,सम्पर्क ठेगाना,मोवाइल नं.

............................................................................

रक्त समुह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम

......................................................

..............................................................................................

........................................

प्रमाणित गर्ने अधिकृतको :-

दस्तखत :

नाम थर :

पद :

कार्यालय :